नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)

सानोठिमी, भक्तपुरको

## लेटर ग्रेडिङ निर्देशिका, २०७८ मा भएको संशोधन सम्बन्धी सूचना

लेटर ग्रेडिङ निर्देशिका, २०७८ को दफा ७ को उपदफा (२) को खण्ड (ङ) मा देहाय बमोजिम संशोधन भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

**"नियमित वा ग्रेड वृद्धि परीक्षामा तोकिएको ग्रेड प्राप्त गर्न नसकेका परीक्षार्थीले जुन विषयमा तोकिएको ग्रेड प्राप्त गर्न नसकेको हो सोही विषयमा मात्र तीन वर्षसम्म वार्षिक परीक्षामा सहभागी हुन पाउनेछन् ।"**

**पुनश्च :** *बोर्डका प्रदेश परीक्षा व्यवस्थापन र शाखा कार्यालयहरूले समेत यसै सूचनाबमोजिम आ-आफ्ना सेवा क्षेत्रभित्रका विद्यालयहरूलाई जानकारी गराई यसै वर्ष (२०८०) को कक्षा १२ को वार्षिक परीक्षाबाटै कार्यान्वयन गर्नु/गराउनुहुन अनुरोध छ ।*

**- परीक्षा नियन्त्रक**

# नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
### परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)
### सानोठिमी, भक्तपुरको

## शिक्षा नियमावलीमा भएको नवौं संशोधनको कार्यान्वयन सम्बन्धमा

नेपाल सरकारद्वारा मिति २०७७ फागुन ३ गते नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार शिक्षा (नवौ संशोधन) नियमावली, २०७७ को नियम ४७क र नियम ८० को उपनियम २क (थप) कक्षा १२ को परीक्षा व्यवस्थापनसँग सम्बन्धित रहेकोले सोही मुताविक गर्नु/गराउनुहुन राष्ट्रिय परीक्षमा भएको व्यवस्था बमोजिम कक्षा १२ का विद्यार्थीको रुपमा अध्ययन गरिरहेका विद्यार्थीहरूले महामारी वा यस्तै अन्य विपद्का कारण पठन पाठन अवरुद्ध भई विद्यालयबाट स्थानान्तरण हुनु परेको विद्यार्थीले स्थानान्तरण भई आउन चाहेको स्थानको विद्यालयमा सो व्यहोरा खोली निवेदन दिएमा सम्बन्धित विद्यालयले त्यस्तो विद्यार्थीलाई स्थानान्तरण गर्नु पर्नेछ भन्ने व्यहोरा उल्लेख भएकोले सोको जानकारी सम्बन्धित विद्यालयले शिक्षा विकास तथा समन्वय इकाई र राष्ट्रिय परीक्षा बोर्डका सम्बन्धित कार्यालयहरूमा अनिवार्य रुपमा उपलब्ध गराउनुहुन जानकारी गराईन्छ । साथै सोही संशोधन अनुसार ७५% हाजिरी भएका विद्यार्थीहरुलाई मात्र वार्षिक परीक्षामा समावेश गराउने व्यवस्था भएकोले सम्बन्धित सबैलाई सूचित गरिन्छ ।